# रामेछाप नगरपालिकाको आगामी आ.व.: ०७४/०७५ को नगर सभामा रामेछाप नगरपालिकाका उप -प्रमुख श्री सृजना खड्काले पेश गर्नु भएको वार्षिक निति, कार्यक्रम तथा बजेट वक्तव्य ।

**रामेछाप नगरपालिकाको नगर प्रमुख एवं प्रथम नगर सभाका पहिलो अधिवेशनका सभाध्यक्ष ज्यू, वडाध्यक्ष ज्यू, नगरकार्यपालिकाका सदस्यज्यूहरु तथा सभाका सदस्य ज्यूहरु तथा उपस्थीत कर्मचारी मित्रहरु,**

सर्वप्रथम म विभिन्न कालखण्डमा राजनैतिक तथा सामाजिक परिर्वतनका साथै लोकतन्त्र स्थापनाका लागि आफ्नो अमूल्य जिवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु र २०७२ सालको विनासकारी महाभुकम्प वाट मृत्यू भएकाहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै घाईतहरुको शिघ्र स्वास्थ्यको लाभको कामना गर्दछु । शहिदहरुको सपना र मार्गदर्शन अनुरुपको नयाँ नेपाल निर्माणलाई सार्थक तुल्याउने यात्रामा हामी सबैलाई प्रेरणा मिल्ने अपेक्षा गरिएकोछ ।

प्राकृतिक रुपमा सुन्दर नगरपालिकाको आर्थिक, समाजिक, धार्मिक, साँस्कृतिक र पर्यटकीय दृष्टिले महत्वपुर्ण केन्द्र तथा साविक रामेछाप जिल्लाको पुरानो सदरमुकाम अवस्थीत यस रामेछाप नगरपालिकाको स्थानिय तह निर्वाचन २०७४ पश्चात् निर्वाचित जनप्रतिनिधिहरु द्धारा आज संचालन हुन गई रहेको प्रथम नगर सभाको पहिलो अधिवेशन मार्फत आर्थिक वर्ष २०७४/७५ को वार्षिक बजेट नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा मलाई अत्यन्तै हर्ष विभोर भएको छु ।

आ-आफ्नो कार्य व्यस्तताका वावजुद हाम्रो निमन्त्रणालाई स्वीकार गरि यस नगर सभाको प्रथम अधिवेशनलाई उच्च प्राथमिकता दिई सभाको गरिमामय शोभा वढाई उपस्थित हुनु हुने सबै सभाका सदस्य तथा नरगपालिकाको कर्मचारीहरुमा हार्दिक धन्यवाद दिन चाहन्छु ।

महाभारत पर्वत श्रृखलाको उत्तरतिर परेको यस नगरपालिकाको धेरै जसो भूभाग कम वर्षा हुने र सुख्खा क्षेत्र वढी रहेको छ । यस क्षेत्रमा सिंचाईको अभावमा परम्परागत खेती प्रणाली गर्नु पर्ने भएकोले कृषि उत्पादन र खाद्य आपूर्तिको हिसावले आत्मनिर्भर हुन सकेको छैन । यस नगरपालिकामा खेती योग्य र सिंचाई सुविधा भएको जमिन कम छ । खानेपानिको पर्याप्तताको दृष्टिले पनि कमजोर रहेको यस नगरपालिकामा यस वर्ष २०७४ साल वैशाख ३१ गते भएको स्थानीय तह निर्वाचन भएपछि स्रोतको दृष्टिकोणले गाविसको तुलनामा एवम् गतविगत वर्षको भन्दा केन्द्रीय वजेट र स्थानीय आन्तरिक स्रोत पनि वढ्ने भएकोले यस नगरपालिकाको विकास, समृद्धी र यहाँका जनताको आर्थिक सामाजिक अवस्थामा उल्लेख्य सुधार हुने आशा र विश्वास पलाएको छ ।

आदरणीय महानुभावहरु,

रामेछाप जिल्लाका तिन लाल मध्ये गंगालाल र पुष्पलालको जन्मभूमि यसै नगरपालिका भित्र रहेको छ । ऐतिहासिक तिल्केथान गढी, केवलेश्वर महादेव स्थान, भालुखोप भ्यूटावर, गणेशटार मन्दिर, भिमसेन थान मन्दिर, तामाङ्ग समुदायको अवस्था रहेको केन्द्र भालुखोपमा रहेको वौद्ध गुम्वा, सुकाजोरमा रहेको तारखसे पोखरी र मन्दिर, डुकुरसिंह डाँडाँ, निशान भगवती मन्दिर, हायू जातिको प्रसिद्ध महाकाली मन्दिर लगायत अन्य थुप्रै ऐतिहासिक महत्व बोकेको रामेछाप वजार, च्याँस्कु वजार, साँघुटार वजार, रामपुर भञ्जयाँङ्गले गर्दा यस नगरपालिकामा पर्यटन उद्योगको प्रवल संभावना रहेको छ । नेपालको संविधान २०७२ को भाग ५ मा व्यवस्था भए अनुसार राज्यको पुनः संरचना गर्ने क्रममा ७४४ स्थानीय तह कायम हुने गरि महानगपालिका ४ वटा, उपमहानगरपालिका १३ वटा, नगरपालिका २४६ वटा र गाँउपालिका ४८१ मन्त्रीपरिषदबाट मिति २०७३।११।९ को निर्णयबाट स्वीकृत स्थानीय तहको शासन संचालन सम्वन्धमा जारि गरिएको आदेश २०७३ अनुसार २४६ वटा नगरपालिका मध्ये रामेछाप नगरपालिका शहिद विरपुर्खाहरुको वीर गाथावाट चीरपरिचित रामेछाप जिल्लाको पुरानो सदरमुकाममा अवस्थित यस रामेछाप नगरपालिकाको पहिलो नगरसभाको पहिलो अधिवेशनमा आ.व.०७४/०७५ को वार्षिक निति, कार्यक्रम तथा वजेट पेश गर्ने अनुमति चाहान्छु ।

आदरणीय महानुभावहरु,

स्थानीय स्वायत्त शासन ऐन,२०५५ को मर्म अनुरुप विकेन्द्रीकरणको अवधारणा अनुसार स्थानीयस्तरमा स्थानीय आवश्यकताहरुको पहिचान गरि स्थानीय स्रोत साधनको अधिकतम सदुपयोगका साथ स्थानीय नगरवासिहरुको आवश्यकता पूर्ति गर्ने अहम् जिम्मेवारी स्थानीय तहले निर्वाह गर्दै आएका छन् । योजना

तथा कार्यक्रम छनोट एवं परिचालन गर्दा समावेशी रुपमा सहभागितात्मक पद्धती अवलम्बन गरि मूलत : महिला, बालबालिका, आदिवासी जनजाति, दलित, अपाङ्ग, साथै पिछडीएका अन्य वर्ग तथा समुदाय लगायत विकासको मूलधारमा टाढा रहेका समुदायलाई प्राथमिकता दिई विकासमा सहभागि हुन समेत थप जोड दिएको छ । प्रस्तुत वार्षिक नीति, कार्यक्रम तथा वजेट स्थानीय स्वायत्त शासन ऐन २०५५, स्थानिय स्वायत्त शासन नियमावली, २०५६ तथा सो सम्वद्ध नियमावली एवम् कार्यविधिहरुले निर्दिष्ट गरेका प्रावधानहरु, मन्त्रालयवाट प्राप्त मार्गदर्शनहरु र वजेट सिमा, दिग्दर्शन, निर्देशिका तथा योजना तर्जुमाले दिएका बुँदा क्रममा विभिन्न तहवाट प्राप्त हुन आएका सुझावहरुका आधारमा तयार गरिएको छ ।

उपस्थित सम्पूर्ण यस रामेछाप नगर सभाका पहिलो अधिवेशनका सदस्य महोदय, अव म आगामी आ.व.०७४/०७५ को नगरस्तरिय प्रमुख क्षेत्रगत नीति तथा कार्यक्रम र अनुमानित बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

- निर्वाचनमा प्रतिस्पर्धा, विकासमा सहमतिको सिद्धान्तलाई लिएर सबैसँग सहकार्य तथा सहयोगका साथ रामेछाप नगरपालिकाको समृद्धी तर्फ उन्मुख हामी यस रामेछाप नगरवासीको चाहानालाई मध्यनजर राख्दै विकास निर्माण का कार्य गरिने छ । नगरसभा वा नगरकार्यपालिकाको वैठकबाट पारित सम्पूर्ण योजनाहरु समयमै कार्यान्वयन गर्न उत्प्रेरीत गरिने छ ।
- वेरुजु र पेश्की शून्य वनाइने नीति लिईने छ ।

नगरपालिकाको नगरसभावाट निति तथा कार्यक्रम पास गरि कार्यान्वयन गर्नु पर्ने हुन्छ तर्सथ यहाँहरु सामु म **आ.व.०७४।०७५ को नीति तथा कार्यक्रम योजना तर्जुमाको लागि वजेट तयारी गर्न अवलम्वन** गरिएको आधारहरुलाई उल्लेख गर्न चाहन्छु ।

- ✓ स्थानीय स्वायत्त शासन ऐन,२०५५ तथा नियमावली,२०५६ मा भएको कानूनी व्यवस्थाहरु
- ✓ स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ का प्रावधानहरु
- ✓ नगरपालिकाको न्यूनतम शर्त तथा कार्य सम्पादन मापन कार्यविधि, २०६६ का आधारहरु
- ✓ संङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयको दिग्दर्शन, परिपत्र तथा नीति निर्देशनहरु ।
- ✓ वडा भेलावाट छनोट भई आएका योजना तर्जुमा प्रक्रिया अवलम्वन गरि नगरसभावाट छनोट भएका आयोजना तथा कार्यक्रमहरु
- ✓ राजनैतिक दलहरुवाट प्राप्त सुझावहरु

**आदरणिय महानुभावहरु,**

**आ.व. ०७४।०७५ को नगर स्तरिय प्रमुख, क्षेत्रगत निति तथा कार्यक्रम र अनुमानित वजेट** प्रस्तुत गर्न अनुमति चाहन्छु ।

**आर्थिक विकास नीतिः**

- कृषि उत्पादन र उत्पादकत्व अभिवृद्धि, व्यवसायीकरण र विविधिकरण गर्न सिंचाई महत्वपूर्ण माध्यम भएकोले संभावित खेतीयोग्य जमिनमा सिंचाई सुविधा पुऱ्याउन योजना सञ्चालनका लागि प्राथमिकता दिइनेछ ।
- रामेछाप नगरबासीहरुले सहज र सुपथ मूल्यमा दुग्ध पदार्थ उपभोग गर्न पाउने अवस्थाको सृजना गर्नको लागि नगर क्षेत्र भित्र दुग्ध व्यवसाय स्थापना र सञ्चालन गर्न प्रोत्साहित गरिने छ ।
- जुनार उत्पादन हुने क्षेत्रको पहिचान र विकास गरी रामेछाप नगरको जुनार उत्पादनलाई एक नगरः एक उत्पादनको रुपमा प्रबर्द्धन गरिने छ ।
- वेमौसमी तरकारी खेती गर्नका लागि तालिम लगायतका कार्यक्रम सञ्चालन गरिने छ ।
- अर्गानिक तरकारी उत्पादन गर्न सचेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ ।
- व्यवसायिक कुखुरापालन, बाख्रापालन बंगुरपालन प्रबर्द्धन गर्न तालिम तथा अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिने छ ।

- नगर क्षेत्रभित्र घरेलु उद्योग लगायतका अन्य संभावित उद्योग खोल्न आवश्यक पर्ने पूर्वाधार निर्माणमा प्राथमिकता दिइने छ ।
- तारा खसेको पोखरी, ढुकुरसिं डाँडा, साँघुटार र विटार लगायतका स्थानमा पिकनिक स्पट निर्माण गरी पर्यटकीय केन्द्रको रुपमा विकास गरिने छ ।
- वडा नं ६ र ७, भालुखोपमा भ्यू टावर निर्माणको लागि अध्ययन कार्य भइरहेकोले निर्माणका लागि आवश्यक बजेटको व्यवस्था गरिने छ ।
- वडा नं. ८, भंगेरीमा पुष्पलाल पार्क तथा हरित शहर निर्माण गर्ने नेपाल सरकारको निर्णयलाई अविलम्ब कार्यान्वयन गर्न सम्बन्धित निकायमा पहल गरिनेछ ।
- वडा नं. ७, चामबोटमा चिल्ड्रेन पार्क निर्माण गरी सार्वजनिक निजी साझेदारीमा सञ्चालन गर्ने नीति अवलम्बन गरिने छ ।
- सबै  जातिको संस्कृति र पहिचान झल्काउने खालको संग्रहालय स्थापना गरिनेछ ।
- नगर क्षेत्रभित्र स्थापना भई सञ्चालनमा रहेका सहकारी संस्थाहरुलाई नगरको आवश्यकता अनुसार क्रियाकलाप गर्न प्रोत्साहित गरिनेछ ।
- नगरपालिका भित्रका बडाहरुमा अध्ययन गरि आवश्यकता अनुसार पिकनिक स्पट, चिल्ड्रेन पार्कहरु बनाउने नीतिहरु अवलम्बन गरिनेछ ।
- नगरपालिका भित्र सुविधा सम्पन्न होटलहरु खोल्न प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ ।
- नगरपालिका भित्र उपयुक्त स्थानमा चिडियाखानाको व्यवस्था गर्ने नीति लिईनेछ ।
- नगरवासीहरुलाई आर्थिक रुपमा आत्मनिर्भर बनाउनको लागि वित्तिय क्षेत्रमा सर्वसाधारण प्रत्यक्ष पहुच पुग्ने आर्थिक नीति अवलम्बन गरिनेछ ।

**सामाजिक विकास नीतिः**

- नगर क्षेत्रभित्रका सामुदायिक विद्यालयमा अंग्रेजी माध्यमबाट पठनपाठन गराउन, कम्प्युटर शिक्षामा जोड दिन प्रोत्साहित गर्दै आवश्यकताका आधारमा सहयोग गर्ने नीति लिइनेछ ।
- यस नगरमा रहेका बेरोजगार युवाहरुमा प्राविधिक ज्ञान, सीप प्रदान गरी सीपयुक्त दक्ष जनशक्ति तयार गर्न प्राविधिक शिक्षालय खोल्नको लागि पहल गरिनेछ ।
- नगर भित्रका उत्कृष्ट सामुदायिक विद्यालय र सामुदायिक विद्यालयका विद्यार्थीलाई पुरस्कृत गर्ने नीति लिइनेछ ।
- प्रत्येक वडा कार्यालयमा एक पुस्तकालयको व्यवस्था गरिने छ ।
- मातृशिशु स्वास्थ्य प्रवर्द्धनका लागि वर्थिङ सेन्टर क्रमिक रुपमा विस्तार गरिनेछ ।
- अति कमजोर आर्थिक अवस्था भएका नगरबासीलाई स्वास्थ्य उपचारमा सहुलियत प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।
- आयुर्वेदिक स्वास्थ्य केन्द्र स्थापना गरी सो को माध्यमबाट नगरबासीको आयुर्वेदिक औषधीमा पहुँच अभिवृद्धि गर्दै जनस्वास्थ्य प्रवर्द्धन गरिनेछ ।
- नागरिकलाई स्वस्थ र निरोगी बनाई राष्ट्र निर्माणमा योगदान पुऱ्याउन अभियानको रुपमा योग शिविर सञ्चालन गरिनेछ ।
- हाल भइरहेका खानेपानीका मुहानको संरक्षण गर्दै खानेपानीको समस्या भएका बस्तीका लागि लिफ्ट खानेपानी आयोजना सञ्चालन गर्न प्राथमिकता दिइने छ ।
- आकासे पानी संकलन गरी पुनःप्रयोग प्रविधि सम्बन्धमा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।
- प्रत्येक घरमा शौचालय नभएका बस्तीमा नगरपालिकाबाट विकास आयोजना स्वीकृत नगरिने नीति लिइनेछ ।
- आस्था अनुसारको मठ मन्दिर तथा प्रार्थना गृहको  संरक्षण र प्रवर्द्धन गरिनेछ ।
- नगर क्षेत्रभित्रका लक्षित वर्ग(बालबालिका, महिला, दलित, अपाङ्ग, ज्येष्ठ नागरिक)को पृथक-पृथक सञ्जाल गठन गरी योजना तर्जुमा प्रक्रियामा उक्त सञ्जालहरुको भूमिका प्रभावकारी बनाइनेछ ।
- लक्षित वर्गको सीप विकास, क्षमता विकास, सशक्तिकरण, आयआर्जनका लागि लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।

- सार्वजनिक स्थानमा धुम्रपान, मध्यपान, लागू औषधि जस्ता कुलतलाई निरुत्साहित गरिदै लैजाने छ । नीति अवलम्बन गरिनेछ ।

**पूर्वाधार विकास नीतिः**

- रामेछाप नगरपालिकाको निर्माणाधीन भवन सम्पन्न गर्न, कार्यालय भवन नभएका वडाहरुमा कार्यालय भवन निर्माण गर्न, निर्माण कार्य सम्पन्न हुन बाँकी वडा कार्यालयको निर्माण कार्य सम्पन्न गर्न आवश्यक बजेट विनियोजन गरिएको छ ।
- नगरपालिकाबाट विनियोजन हुने भौतिक पुर्वाधारका योजनामा पाँचलाख वा सो भन्दा बढि रकम मात्र विनियोजन गर्ने नीति अवलम्बन गरिनेछ ।
- भुकम्पबाट प्रभावित बस्तीहरुमा राष्ट्रिय पुनः निर्माण प्राधिकरणको सहयोगमा प्राप्त अनुदानको सहि प्रयोग गर्ने गराउने तर्फ सचेतिकरण तथा प्राविधिक सहयोगको अभिबृद्धिको लागी थप प्रयास गरिनेछ ।
- यस नगर क्षेत्रभित्र निम्न नगरस्तरीय महत्वका आन्तरीक आयश्रोत बृद्धि हुने खालको सडक निर्माण गर्न प्राथमिकता दिइने छ ।
  - रामेछाप–देउराली–गोठगाउँ–साँघुटार सडक
  - रामेछाप–च्यास्कु–धमिनीछाप–हिमगंगाको बोलङबोलङ हुदै सिमलगैरा – ओखलढुङ्गाको सिमाना फेमेटार सम्म सडक
  - च्यास्कु–लिखुदोभान–कलन्जोरघाट सडक
  - च्यास्कु–रामपुर–वसन्तपुर–चुकियाघाट सडक
  - च्यास्कु–डान्सिङटार–धनेघाट सडक
  - रामेछाप–मुढाजोर–विर्ता सडक
  - रामेछाप–रातटार–हर्दिनीछाप सडक
- नगरबासीहरुलाई यातायात आवागमन सहजताका लागि निम्न स्थानहरुमा मोटरेवल पुल निर्माण गर्न प्राथमिकता दिइनेछ ।
  - फलाटे खोला, वडा नं. ४
  - फुन्द्री खोला, वडा नं. ४
  - फेमेटार लिखुखोला, वडा नं. ४
- यस नगरपालिकाको आन्तरिक आय अति नै कम भएकोले आयस्रोतमा बृद्धि गर्नको लागि रामेछाप बजारमा सपिङ कम्प्लेक्स निर्माण गर्न आवश्यक व्यवस्था गरिनेछ ।
- व्यवस्थित सहरीकरणका लागि उपयुक्त स्थानको पहिचान गरी जग्गा एकीकरण आयोजना सञ्चालन गरिनेछ ।
- नगरबासीहरुलाई आवागमन सहजताका लागि नगर बस सञ्चालनमा ल्याउने नीति अवलम्बन गरिनेछ ।
- उर्जा, लघु तथा साना जलविद्युतको संभाव्यता अध्ययन गरी निर्माणको लागि सम्बन्धित निकायमा पहल गरिनेछ ।
- नगर क्षेत्रभित्रका सम्पूर्ण स्थानहरुमा सञ्चार सम्पर्क गर्न सक्ने व्यवस्था गर्न नेपाल टेलिकम सँग समन्वय गरी आवश्यक व्यवस्था गरिनेछ ।
- नगरपालिका भित्रको प्रत्येक वडामा आवश्यक अनुसार बजारीकरण गर्दै लैजाने नीति अवलम्बन गरिनेछ ।

**वातावरण तथा विपद् व्यवस्थापन नीतिः**

- प्रदुषण रहित खोला नाला हराभरा बनजंगल र स्वच्छ बातावरण को विकास गर्दै लगिनेछ ।
- खुला स्थानहरुमा वृक्षारोपण गर्दै जाने र  सडकका दाँयाबाँयामा वातावरण अनुकूल विरुवा क्रमशः वृक्षारोपण गर्दै जाने नीति लिइनेछ ।
- बाढी, पहिरो जस्ता प्राकृतिक प्रकोपबाट हुने भू-क्षयीकरणलाई रोकथाम गर्नको लागि जोखिमयुक्त स्थानहरुमा तटबन्ध निर्माण लगायतका उपायहरु अवलम्बन गरिनेछ ।

- फोहोरमैला व्यवस्थापन अन्तर्गत फोहोरमैला प्रशोधन केन्द्र स्थापनाका लागि उचित स्थानमा जग्गाको व्यवस्था गरिनेछ ।
- फोहोरलाई स्रोतमा नै न्यूनीकरण गर्न, पृथकीकरण गर्न, पुनःप्रयोग गर्न कार्यक्रम सञ्चालन गरिने छ ।
- फोहोरमैला व्यवस्थापनमा उत्कृष्ट नगरपालिकाहरुमा अध्ययन अवलोकन भ्रमण गरी असल अभ्यासहरुको अनुकरण गरिनेछ ।
- फोहोरमैला व्यवस्थापनका लागि आवश्यक पर्ने सवारी साधन, उपकरण आदिको व्यवस्था गरिनेछ ।
- विपदको बेला सुरक्षित रहन सकिने सेल्टर र सार्वजनिक भवन एउटा प्रत्येक वडामा हेलिप्याड निर्माण गर्न प्रयास गरिनेछ ।

**संस्थागत विकास तथा सेवा प्रवाहः**

- यस नगर कार्यपालिकाको कार्यालय र अन्तर्गतका वडा कार्यालयहरुबाट प्रवाह हुने सेवा छिटो, छरितो र प्रभावकारी बनाउन विद्युतीय सूचना प्रविधिको अधिकतम प्रयोग गरिनेछ ।
- रामेछाप नगरपालिकाका पदाधिकारीहरुका लागि स्थानीय तह सञ्चालन सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- उपभोक्ता समितिका पदाधिकारीहरुका लागि आयोजना निर्माण प्रक्रिया सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- नगरपालिकाका कर्मचारीहरुका लागि क्षमता विकास तालिम सञ्चालन गरिनेछ ।
- फोहोरमैला व्यवस्थापन, व्यवस्थित सहरीकरण, पर्यटन प्रवर्द्धन, सेवा प्रवाह आदि क्षेत्रमा नमूना तथा उल्लेखनीय कार्य गर्ने नगरपालिकाहरुमा अध्ययन तथा अवलोकन भ्रमण गरी प्राप्त असल अभ्यास लाई अनुकरण गरिनेछ ।
- जनचाप बढी हुने कार्य तथा समयमा सेवा प्रवाह गर्दा टोकन प्रणाली अवलम्बन गरिनेछ ।
- कर्मचारीहरुको लागि इलेक्ट्रोनिक हाजिरी व्यवस्था गरिनेछ ।
- नगर कार्यपालिकाको कार्यालयमा सि.सि. क्यामेरा जडान गरिनेछ ।
- सरकारी सेवा सुविधा प्रदान गरिने निकायमा दक्षता जवाफदेहिता पारदर्शिता प्रभावकारीता र भ्रष्टाचार मुक्त शासन सुनिश्चीत गर्नु नगरपालिकाको आधारभुत नीति हुनेछ ।

**वित्तीय व्यवस्थापन र सुशासन**

- रामेछाप नगरक्षेत्र भित्रका सबै नगरबासीहरुलाई करको दायरामा ल्याइने छ ।
- अति विपन्न, अशक्त, अपाङ्ग, एकल महिलाका लागि नक्सा पास विद्युत खानेपानी जस्ता दस्तुर र व्यवसाय करमा सहुलियत दिने नीति लिइनेछ ।
- बजार क्षेत्र र ग्रामीण क्षेत्रमा राजस्व परिचालन न्यायोचित रुपमा गरिनेछ ।
- सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षणको माध्यमबाट जनताप्रतिको जवाफदेहिता प्रबर्द्धन गरिनेछ ।
- बेरुजु फर्स्यौटका लागि कानुनी प्रक्रिया अगाडी बढाइनेछ ।
- बेरुजु रहने अवस्थाको अन्त्य गर्नको लागि पेश्की शुन्य नीति अवलम्बलन गरिने छ ।
- कुनैपनि बस्तीमा नगरपालिकाको विकास योजना कार्यान्वयनको लागि सम्झौता गर्नुअघि उक्त बस्तीका सबै नागरिकहरुको नाममा बेरुजु नरहेको सुनिश्चित गर्नु पर्नेछ ।

यस नगरपालिकाको राजस्व संकलन नीति तपशिल अनुसार कायम गरिएकोछ ।

१. नेपालको संविधानको धारा २२८ को उपदफा (२) वमोजिम स्थानीय तहको आर्थिक ऐन अनुसार स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलन सम्वन्धी एकीकृत सम्पत्ति कर आगामी अघिल्लो आ.व.०७५/०७६ देखि लागू हुने गरि आ.व.०७४/०७५ मा तयारी गरिनेछ ।

२. भूमि तथा मालपोत कर रुपैया प्रतिरोपनी निम्न अनुसार दररेटमा लगाईने र अशुल उपर गरिने छ, साथै बक्यौता रकम रहेमा पहिलो वर्ष ५ प्रतिशतले र सो भन्दा माथि १० प्रतिशतले जरिवाना लिई भूमि तथा मालपोत संकलन गरिनेछ ।

**तपसिल**

| सि.नं. | विवरण | अवल | दोयम | सिम | चाहार |
|---|---|---|---|---|---|
| १. | खेत | ८ | ७ | ६ | ५ |
| २. | वारी | ७ | ६ | ५ | ४ |

३. रामेछाप नगरपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाको भवन घर, पसल, ग्यारेज, गोदाम, टहरा, छाप्रो, जग्गा वा पोखरी पुरै आशिंक तवरले वहालमा दिएकोमा सो सम्वन्धी लगत संकलन गरि घरजग्गा वहाल कर लगाईने र अशुल नियमानुसार गरिनेछ ।

४. आ.व.०७४/०७५ वाट लागू हुने गरि नगरपालिकाको क्षेत्र भित्र व्यापार व्यवसायीहरुकालाई व्यवसाय दर्ताको प्रक्रिया अवलम्बन गरि तपशिलमा उल्लेखीत कर लागू गरिनेछ ।

**तपसिल**

- स्थिर पुँजिको ०.१ प्रतिशत वार्षिक कर लिने ।
- नगरपालिका भित्र व्यापार व्यावसायीलाई स्थानीय उद्योग वाणिज्य संघको सिफारीसमा रु. १००।- दर्ता शुल्क लिई व्यवसाय दर्ता गरिने छ ।

५. जडिवुट्टी,कवाडी,र जिवजन्तु लगायतको कर जिल्ला समन्वय समिति सँगको सहकार्य तथा समन्वयमा आर्थिक ऐन अनुसार कार्यान्वयन गराईनेछ ।

६. आ.व.०७४।०७५ वाट लागु हुने गरि नगरक्षेत्र भित्र राखीने होडिङ वोर्ड तथा व्यानरको प्रति स्क्वायर फिट रु. ६०।- का दरले विज्ञापन कर लगाईनेछ ।

७. रामेछाप नगरपालिका क्षेत्र भित्र आफुले निर्माण गरेको, रेखदेख गरेको वा संचालन गरेको हाटवजार वा पसलमा बैठकी दररेट वमोजिम हाटबजार शुल्क तथा बहाल विटौरी शुल्क लिईनेछ ।

जस मध्ये रामेछाप नगरपालिका वडा नं.८ स्थित हाटबजारमा साप्ताहिक रुपमा १ पटक विहिवार लाग्दै आएको बैठकी शुल्क आ.व.०७४/०७५ को लागि देहाय अनुसार कायम गरिएकोछ ।

| क.स. | विवरण | आ.व.०७४/०७५ को कायम गरेको दररेट | कैफियत |
|---|---|---|---|
| १. | स्टलमा वस्ने प्रति व्यापारी | ७५।- | |
| २. | भाँडा कुडाँ प्रति व्यापारी | ७५।- | |
| ३. | किराना पसल प्रति व्यापारी | ३०।- | |
| ४. | विषादी विउ विजन पसल प्रति व्यापारी | ३०।- | |
| ५. | कपडा पसल प्रति व्यापारी | ४०।- | |
| ६. | काट्ने बंगुर प्रति गोटा | १००।- | |
| ७. | काट्ने राँगा प्रति गोटा | १५०।- | |
| ८. | चपल जुत्ता पसल प्रति व्यापारी | ३५।- | |
| ९. | फलफुल तरकारी गेडागुडी प्रति भारी | १५।- | |
| १०. | खाद्यान्न सामाग्री प्रति भारी | १५।- | |
| ११. | सुर्तिजन्य सामग्री प्रति भारी | ५०।- | |
| १२. | घरायसी सामाग्री प्रति भारी (नाङ्ला,हसियाँ लगायतका सामाग्री) | १५।- | |

| | | | |
|---|---|---|---|
| १३. | टर्च,छाता,जुत्ता मर्मत प्रति व्यापारी | ४०।- | |
| १४. | पकाएको परिकार वेच्ने प्रति व्यापारी | १५।- | |
| १५. | वगुर प्रति गोटा | २५।- | |
| १६. | खसि वाखा प्रति गोटा | ४०।- | |
| १७. | कुखुरा प्रतिभारी (५ भन्दा वढी) | ४०।- | |
| १८. | कुखुरा प्रति गोटा | ५।- | |

माथि उल्लेखित हाटकर दररेट विवरण उल्लेख नभएको अन्य सामानहरुको हकमा सामान हेरी न्यूनतम रु १५।- र अधिकतम रु. ३५।- सम्म लिन सकिने छ ।

८. यस नगरपालिका वा अन्तरगत आ.व.०७४।०७५ मा देहाय वमोजिमको शिर्षगत सिफारीसमा सेवा शुल्क दस्तुर सेवाग्राहीवाट निम्न अनुसार लिईने छ ।

**तपसिल**

**दस्तुर लाग्ने** :

- ❖ नाता प्रमाणित दस्तुर निवेदन रु. १०।- समेत कुल जम्मा रु.२१०।-
- ❖ पञ्जिकरण सम्वन्धी जस्तै जन्म, मृत्यू, विवाह, बसाई सराई, सम्वन्ध विच्छेद घटना घटेको ३५ दिन पछि दर्ता हुन आएमा निवेदन रु. १०।- समेत कुल जम्मा रु.११०।-
- ❖ नागरिकता सिफारीस दस्तुर निवेदन रु. १०।- समेत कुल जम्मा रु.११०।-
- ❖ पंञ्जिकरण र नागरिकता प्रमाण पत्र लिन गरिएको प्रतिलिपी सिफारीसमा रु.२१०।-
- ❖ जग्गा नामसारी सिफारीसमा निवेदन रु. १०।- समेत कुल जम्मा रु. २१०।-
- ❖ चारकिल्ला प्रमाणित सिफारीसमा निवेदन रु.१०।- समेत कुल जम्मा रु.२१०।-
- ❖ घर वाटो सिफारीस दस्तुर  निवेदन रु.१०।- समेत कुल जम्मा रु.३१०।-
- ❖ नक्सापास पुस्तीका रु.५००।-
- ❖ निर्माण सम्पन्न प्रमाण पत्र निवेदन रु.१०।- समेत कुल जम्मा रु.२१०।-
- ❖ चल अचल सम्पत्ति मूल्याङ्कन निवेदन रु.१०।- समेत कुल जम्मा प्रति लाख रु.२००।-
- ❖ सर्जमिन मुचुल्का (फिल्डमा जानु पर्दाको वखत निवेदन रु.१०।- समेत कुल जम्मा रु.२१०।-)
- ❖ अन्य सिफारीसमा निवेदन रु.१०।- समेत कुल जम्मा रु.१६०।-
- ❖ नक्सा पास RCC प्रति ईस्क्वायर फिट रु.६।- ढुङ्गामाटोको रु.२।- र ट्रसको रु.१।- दस्तुर लिने ।
- ❖ निवेदन दस्तुर रु.१०।-
- ❖ संघसंस्था दर्ता शुल्क रु.२००।-
- ❖ संघसंस्था वार्षिक शुल्क रु.५००।-

**दस्तुर नलाग्ने :**

- ❖ आर्थिक अवस्था कमजोरको सिफारीसमा ।
- ❖ औषधी उपचारको सिफारीसमा ।
- ❖ दैवी प्रकोप विपत पिडितको सिफारीसमा ।

दस्तुर नलाग्ने सिफारीसमा पनि सिफारीस गर्ने अधिकारीले अति गरिव, अपाङ्ग र असहाय अवस्थामा रहेको ठम्याएमा शुल्क नलिई उक्त सिफारीस दिन सक्ने छ ।

## ❖ उपस्थित महानुभावहरु

**उपस्थित महानुभावहरु**

रामेछाप नगरकार्यपालिकाको निमन्त्रणालाई व्यस्तताको वावजुद पनि हार्दिक रुपमा स्वीकार गरि मार्ग निर्देशन तथा सुझाव दिन पाल्नु भएका यस नगर सभाका सदस्य महानुभावहरु, बार्षिक नीति कार्यक्रम तथा बजेट तयारको क्रममा सहयोग पुऱ्याउनु हुने नगरपालिकाका कर्मचारीहरु सबैमा म र यस रामेछाप नगरकार्यपालिकाको तर्फवाट हार्दिक आभार प्रकट गर्दछु । हामिलाई सल्लाह सुझाव,दिनु हुने सबैमा हार्दिक कृतज्ञता ज्ञापन गर्दै मेरो भनाई यहि अन्त्य गर्दछु ।

धन्यवाद

सृजना खड्का
उप -प्रमुख
रामेछाप नगरपालिका कार्यालय